# पहिरोले छेक्यो चुम उपत्यका

**शिव उप्रेती** | *गोरखा*

मंसिर ४ गते हुने चुनावका लागि नेताहरू उत्तरी गोरखामा भोट माग्न जाने तयारीमा छन्। दुर्गमवासीको भोट हाल्ने औंला मात्र सम्झिरहेका उनीहरूलाई त्यहाँका बासिन्दा अहिले कस्तो पीडामा छन् भन्ने कुरा सायदै थाहा होला। तीब्बतको सिमानामा रहेको चुम उपत्यकावासी ४ महिनादेखि चौतर्फी नाकाबन्दीमा निसासिरहेका छन्।

'कोरोना महामारीको निहुँमा चाइनाले बोर्डर सिल गरेको ३ वर्ष भयो। असारदेखि बाढी र पहिरोले थुनेर निसासिरहेका छौं', चुमनुब्री गाउँपालिका-७ छेकम्पारका वडाअध्यक्ष टासी दोर्जे लामा भन्छन्, 'पहिरो त मनसुन रोकिएपछि खुल्छ भन्ने आशा थियो। तर, अहिले भीर खोपेर बनाइएको क्यान्टिलिभर पुलै पहिरोले लग्यो। हामी चुमभ्यालीवासीलाई बोत्तलभित्र राखेर बिर्को लगाइदिएको जस्तो उकुसमुकुस भएको छ।' गाउँभित्रबाहेक कतै जान नसकिएको र घर-घरमा खाद्यान्न अभावको अवस्था आइसकेको उनले बताए।



गत हप्ताको पहिरोले क्षतिग्रस्त चुमनुब्री-६ सर्दीभीरको क्यान्टिलिभर पुल।
● सौजन्य: सेराप गुरुङ

यसअघि चुमभ्यालीका बासिन्दा भीरमा टाँगिएको डोरीमा झुण्डिएर सर्दीभीर पार गर्थे। भूकम्पपछि जिल्लामा काम गर्न आएको डीएफआईडी नामक आईएनजीओले ३ करोड ४० लाख रुपैयाँ लागतमा भीर खोपेर क्यान्टिलिभर पुल बनाइदिएको थियो। 'क्यान्टिलिभर बनाएपछि सदरमुकाम, गाउँपालिकाको केन्द्र, बजारतिर सामान किनमेल गर्न जान निकै सजिलो भएको थियो। अब फेरि झुन्डिएर हिड्नुपर्ने अवस्था आयो', उनले भने, 'सबैको ध्यान चुनावतिर मात्र छ। हाम्रो दु:ख कसले हेरिदिने?'

चुमनुब्री गाउँपालिका-६ को सर्दीभीरमा २०७३ सालमा डीएफआईडीले युरोपियन प्रविधिको क्यान्टिलिभर पुल निर्माण गर्‍यो। दुईखण्ड गरी यो करिब पाँच सय मिटर लामो रहेको गाउँपालिकाका अध्यक्ष निमा लामा बताउँछन्। उनका अनुसार भीर खोपेर बनाइएको यो पुल नेपालमै पहिलो प्रयोग थियो। गत हप्ताको भारी वर्षापछि झरेको पहिरोले सो पुलको करिब दुई सय मिटरखण्ड क्षतिग्रस्त बनाइदिएको छ। 'अब यहाँबाट हिँड्डुल गर्ने कल्पनै गर्न सकिन्न', उनले भने, 'चुमवासीका लागि यो ठूलो दुर्भाग्य हो। अब न मान्छे हिँड्डुल गर्न सक्छन्। न खाद्यान्न ओसारपोसार गर्न सकिन्छ। ४ महिनादेखि खाद्यान्न ढुवानी भएको छैन। हाहाकार हुने सम्भावना भयो।' ड्युखोला र सर्दीभीरबीच गतवर्ष पनि ठूलो पहिरो जाँदा आवतजावत ठप्प भएको थियो। हेलिकप्टरबाट ढुवानी गरेर सरकारले स्थानीयवासीलाई खाद्यान्न आपूर्ति गरेको थियो।

'अहिले पनि घर-घरमा चामल, चिनी, नुनतेल सकिएको छ। पसलमा पनि पाउन छोडिसक्यो', अर्का स्थानीय मिङ्ग्यूर दोर्जे लामा भन्छन्, 'सरसापट, ऐचोपैचोले कति दिन धान्छ र? की तिब्बत नाका खुलेको भए पनि राहत हुन्थ्यो। त्यो पनि छैन। दसैं बिदा मनाउन जोखिम मल्दै जबर्जस्ती गाउँ पुगेका विद्यार्थीहरू स्कुल खुलिसक्दा पनि काठमाडौं, गोरखा सदरमुकाम झर्न पाएका छैनन्।' अब फेरि डोरी टाँगेर झुण्डिएर आवतजावत गर्नुपर्ने अवस्था आइपरेको उनको दुखेसो छ।

लोक्पा पहिरो र क्यान्टिलिभर क्षतिग्रस्त भएपछि वडा-६ का करिब तीन सय घरधुरी र छेकम्पारका करिब ३ सय घरधुरीका बासिन्दा ठूलो समस्यामा परेका निवर्तमान वडाअध्यक्ष पासाङफुञ्जो लामा बताउँछन्। 'छिटोभन्दा छिटो क्यान्टिलिभर पुल मर्मतसम्भार गर्न पहल गर्नुपर्छ', उनी भन्छन्, 'धेरै ठूलो खर्च लाग्छ। गाउँपालिकाले सक्दैन। कि सरकारसित कि, डीएफआईडीसित जोडदार माग गर्नुपर्छ।'

# ३ पदमा २९ उम्मेदवार

## महिला र दलित १/१ जना मात्र

**प्रेमनारायण आचार्य** | *सन्धिखर्क*

अर्घाखाँचीमा प्रतिनिधिसभा १ र प्रदेशसभाका २ सदस्य पदका लागि २९ जनाले उम्मेदवारी दर्ता गराएका छन्। विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी २९ जनाले उम्मेदवारी दर्ता गराए पनि महिला र दलित एक/एक जनाको मात्र उम्मेदवारी परेको छ। प्रतिनिधिसभाको सदस्यका लागि नेपाली कांग्रेसको तर्फबाट पुष्पा भुसाल गौतमको एक मात्र महिलाको उम्मेदवारी परेको छ। दलिततर्फ प्रदेशसभा (क) मा नेकपा माओवादी केन्द्रको तर्फबाट ठाकुरकुमार विकको मात्र उम्मेदवारी परेको छ।

प्रतिनिधिसभामा १ क्षेत्र मात्र रहेको अर्घाखाँची जिल्लामा १२ जना, प्रदेशसभा (क) का लागि ८ जना र प्रदेशसभा (ख) का लागि ९ जनाले उम्मेदवारी दर्ता गरेको मुख्य निर्वाचन अधिकृत डा. श्रीकृष्ण भट्टराईले बताए।

राजनीतिक दलहरूले महिला र दलितका लागि भनेर लोकप्रिय नारा, सस्ता कार्यक्रम लिएर आए पनि प्रत्यक्षतर्फ उम्मेदवार बनाउन सकेका छैनन्। नेपालको संविधानले महिला, दलित तथा अन्य क्षेत्रको लागि आरक्षण तथा समानुपातिकको व्यवस्था गरे पनि प्रत्यक्षतर्फ महिला र दलितको उम्मेदवारी धेरै न्यून छ। अर्घाखाँचीमा प्रतिनिधिसभाको लागि कांग्रेसबाट पूर्वउपसभामुख पुष्पा भुसाल र एमालेबाट पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीसहित १२ जनाले उम्मेदवारी दर्ता गराएका छन्। प्रतिनिधिसभाका लागि राप्रपाबाट होमनारायण बेल्बासे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट हरिप्रसाद भुसाल, जसपा नेपालबाट नेत्रबहादुर थापा, हाम्रो नेपाली पार्टीबाट दुर्गा बन्जाडे, नेपाल मजदुर किसान पार्टीबाट सुतेज दुलाल, राप्रपा नेपालबाट खलिल मियाँ, राष्ट्रिय जनमुक्ति पार्टीका मधुबहादुर सारु र स्वतन्त्रबाट पशुपति ढकालगायत १२ जनाले उम्मेदवारी दर्ता गराएको जिल्ला निर्वाचन अधिकृत सुरेश भट्टराईले बताए।

प्रदेशसभा (क) मा एमालेका केन्द्रीय सदस्य चेतनारायण आचार्य, गठबन्धनका तर्फबाट माओवादी केन्द्रका केन्द्रीय सदस्य ठाकुरकुमार विक, एकीकृत समाजवादीबाट रामबहादुर चौहान, राजमोबाट सागर केसी, राप्रपाबाट झवीन्द्र फुल्लेल र स्वतन्त्रबाट राजन नेपालीलगायतले उम्मेदवारी दर्ता गराएका छन्। प्रदेश सभा (ख) का लागि कांग्रेसबाट कांग्रेसका पूर्वपार्टी सभापति सन्धिखर्क नगरपालिकाका संस्थापक नगरप्रमुख कमलप्रसाद भुसाल र एमालेबाट पूर्वप्रदेश सांसद रामजीप्रसाद घिमिरे, राजमोबाट जीवलाल पौडेल, जसपाबाट टुकबहादुर चेवाली, राप्रपाबाट चेतबहादुर पौड्याल र स्वतन्त्रबाट बाबुराम रोका मगर र चीरञ्जीवी अर्यालगायतले उम्मेदवारी दर्ता गराएको सहायक निर्वाचन अधिकृत महेश खनालले बताए।

# उम्मेदवारको प्रचार गर्ने शिक्षकलाई कारबाही

**राजकरण महतो** | *काठमाडौं*

उम्मेदवारसँग फोटो खिची सामाजिक सञ्जालमा बधाई तथा शुभकामना दिने विद्यालय तथा महाविद्यालयका शिक्षक तथा कर्मचारीलाई निर्वाचन आयोगले कारबाही थालेको छ। यस्ता कामलाई आयोगले उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार-प्रसार गरेको ठहर गरेको छ। जुन निर्वाचन आचारसंहिताविपरीत काम हो।

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि जारी आचारसंहिता सरकारी विद्यालय, महाविद्यालय, विश्वविद्यालयका शिक्षक तथा कर्मचारीले उल्लंघन गरेको अनुगमनका क्रममा पाइएको छ। राजनीतिक दल र उम्मेदवारका प्रचार सामग्री सेयर र लाइक गर्नेहरूलाई पनि कारबाही गरिने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए।

'सामाजिक सञ्जालमा राजनीतिक दल तथा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचार-प्रसार सामग्री पोस्ट, सेयर सामाजिक सञ्जालमार्फत मत माग्न नहुने व्यवस्था गरिएको छ', पौडेलले भने। सरकारी कर्मचारी तथा अन्तर्गतका निकाय र संस्थाका कर्मचारी तथा शिक्षकले आचारसंहिता पालना गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्था उल्लंघनकर्तालाई निर्वाचन आयोग ऐन २०७३ को दफा २३ बमोजिम स्पष्टीकरण सोधी आवश्यक कारबाहीको प्रक्रिया अघि बढाइएको हो।



देशभरिका निर्वाचन गतिविधिबारे जानकारी लिँदै निर्वाचन आयोगको निर्वाचन शिक्षा तथा सूचनाशाखाका कर्मचारी। ● अन्नपूर्ण

आचारसंहिताअनुसार सरकारी विद्यालयका कर्मचारी तथा शिक्षक 'कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचार-प्रसारमा संलग्न हुन पाउँदैनन्। उनीहरूको पक्ष वा विपक्षमा प्रचार-प्रसार गर्न नहुने व्यवस्था छ।

मनोनयनपत्र दर्ता गरेका उम्मेदवारले मनोनयनपत्रको जाँचबुझ गर्ने समयसीमा भित्र जरिवाना रकम बुझाएको निस्सा पेस गरेमा उम्मेदवारी सदर गर्न आयोगले सबै मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ। स्थानीय तहको निर्वाचनमा समयमै निर्वाचन खर्चको विवरण नबुझाएका उम्मेदवारहरूलाई ६ वर्षसम्म नयाँ निर्वाचनका लागि अयोग्य हुने व्यवस्था छ।

# एउटै पदमा दाजुभाइ भिड्दै



**धरान** (अन्नपूर्ण) : मंसिर ४ गते हुने प्रदेशसभा सदस्य पदमा सुनसरी क्षेत्र नम्बर-१ (ख) मा दाजुभाइबीच चुनावी प्रतिस्पर्धा हुने भएको छ। सत्ता गठबन्धनको तर्फबाट नेकपा एस पार्टीका धरान अध्यक्ष रेवतरमण राई र एमाले-जसपा गठबन्धनबाट एमालेका प्रदेश सचिवालय सदस्य विजय राई चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्।

चुनावअघि एक-अर्कालाई सहयोग गर्ने आश्वासन दिँदै आएका यी दाजुभाइलाई पार्टीले टिकट दिएपछि मतदाताको घरदैलोमा भोट माग्न व्यस्त छन्। नेकपा एसका रेवत र एमालेका विजय आफ्नै काका बढाउका छोराहरू हुन्। रेवत माइलो भाइको छोरा हुन् भने विजय कान्छो भाइका छोरा हुन्।

पार्टीले टिकट दिएपछि दाजुभाइभन्दा पनि पार्टी र सिद्धान्तलाई माथि राखेर आफू चुनावी मैदानमा उत्रिएको रेवतले बताए। भाइ विजयको भन्दा सत्ता गठबन्दनको आफूलाई समर्थन रहेका कारण आफ्नो जित सुनिश्चित भएको उनको दाबी छ।

यता विजयले पनि दाजुभाइभन्दा पनि पार्टी नै माथि भएको बताउँछन्। उनले पनि आफूलाई जसपाको समर्थन रहेकाले दाइ रेवतलाई पराजित गर्न सहज हुने दाबी गरेका छन्।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**कास्की**

**सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७९/०६/२६

यस कार्यालयको चालु आ.व. ०७९/८० मा देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १ खण्ड (क८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (एघारौं संशोधन २०७८) को नियम ३१(ख) मा व्यवस्था भए अनुसार त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताविच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले आफ्नो फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र आधिकारिकताको प्रमाणपत्र (Letter of Authorization) र आ.ब. ०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ (एघारौं संशोधन २०७८) को नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनको उत्पादकको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन भित्रै दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सवारी साधनको विवरण :**

| क्र.सं. | सवारी साधन | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | 4WD SUV | स्वीकृत स्पेसिफिकेशन | १ (एक) | स्वीकृत स्पेसिफिकेशन यस कार्यालयमा सम्पर्क गरि प्राप्त गर्न सकिने छ। |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**सडक डिभिजन, नेपालगञ्ज**

**नि.व्य. पप्पु कन्स्ट्रक्सन (बिरगञ्ज-१० पर्सा, हाल पि.सि. टावर तिनकुने काठमाडौं) लाई ठेक्का सम्झौता किन अन्त्य नगर्ने सम्बन्धि ७ दिने सूचना**

प्रकाशित मिति २०७९/०६/२६

तपाई नि.व्य. श्री पप्पु कन्स्ट्रक्सन, पोखरिया, पर्सा र यस डिभिजन विच ठेक्का नं. MW/DRO3/BRP-73-067/68 अन्तर्गत Construction of Motorable RCC Bridge Over Babai River (Jabdighat) along Gulariya- Magaragadhi-Ramvapur Road in Bardiya District पुल निर्माण कार्यका लागि मिति २०६८/०३/२२ मा यस कार्यालयसंग ठेक्का सम्झौता भएकोमा मिति २०७४/०४/२८ को वर्षाले उक्त पुलमा क्षती गरेको र सो को Damage Rectification को लागि विभिन्न मितिमा पटक-पटक पत्राचार गर्दा समेत वेवास्ता गरिरहनु भएको देखिन्छ। उक्त पुल निर्माणमा श्री विशेष अदालत काठमाडौबाट भष्ट्राचार (अनियमितता) ठहर समेत भैसकेको र विगत २०७९।०६।१८ देखिको वर्षातले पुलमा थप क्षति भई हाल सर्वसाधारणलाई आवतजावतमा असुविधा हुन पुगेको छ। तसर्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उप दफा (७ र ८) बमोजिम ठेक्का सम्झौता अन्त्य गर्ने र सोहि ऐनको दफा ६३ को १(ग) बमोजिम कालो सूचीमा राख्ने तथा कार्य सम्पादन जमानत वापतको रकम/धरौटी वापतको रकम जफत गर्नुका साथै हालसम्म भुक्तानी भएको रकम समेत सरकारी बाँकि मानि असुल उपर गर्ने तर्फ कार्यवाही प्रकृया अगाडि बढाइने जानकारी गराईन्छ।

**डिभिजन प्रमुख**

**Invitation for Bids**

**Department of Irrigation**
**Sunsari Morang Irrigation Project**
**Invitation for Bids No: SMIP/04/NCB/079-80**
**Date of publication: 26th Ashwin 2079 (12th October 2022)**

1. **The Government of Nepal [GoN] has allocated funds** towards the cost of **Rehabilitation of Canal and construction of associated structures in Tail End of Haripur Sub Distributary Canal System, Sunsari** and intends to apply part of the funds to cover eligible payments under the Contract for **SMIP/04/NCB/079-80.** Bidding is open to all eligible as per Section V of bidding document.
2. **Sunsari Morang Irrigation Project, Biratnagar** invites electronic bids from eligible bidders for the **Rehabilitation of Canal and construction of associated structures in Tail End of Haripur Sub Distributary Canal System, Sunsari** under National Competitive Bidding, Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **[NRs 51 Millions]**
   - Minimum Work experience of similar size and nature: **[1 no of Project equivalent to NRs. 41 Million or more]**
3. Eligible Bidders may obtain further information at the office of Sunsari Morang Irrigation Project, Biratnagar, and Phone No: 021-471527, 471956, Email ID: smip_biratnagar@yahoo.com or may visit PPMO's website **www.bolpatra.gov.np/egp.**
4. Bidders are supposed to submit their bid electronically only and may download the **bidding** documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp.** Bidders, submitting their bid electronically, should deposit the cost (non-refundable fee of NPR 5,000) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
*Information to deposit the cost of bidding document in Bank:*
*Name of the Bank: Agriculture Development Bank, Biratnagar*
*Name of Office: District Treasury Comptroller's Office, Morang*
*Office Code no.: 308031303*
*Office Account no.: 0100201277009016*
*Rajaswa (revenue) Shirshak no.: 14229*
5. Pre-bid meeting shall be held at Sunsari Morang Irrigation Project, Biratnagar at 2:00 PM, 31st October 2022.
6. Electronic bids must be submitted through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before 12:00 Noon, 13th November 2022. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM, 13th November 2022 at the office of Sunsari Morang Irrigation Project, Biratnagar. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of NRs 19,00,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to amend or correct and accept or reject, wholly or partly, any or all the bids without assigning any reasons, whatsoever. The Employer reserves the right to amend or correct and accept or reject, wholly or partly, any or all the bids without assigning any reasons, whatsoever.